**मिति २०७५ बैशाख १२ गते बसेको कार्यपालिका बैठकमा पेश भएका एजेण्डाहरु**

१. नगर विकास योजना तर्जुमाका लागी राय, सल्लाह, सुझाव संकलन सम्बन्धमा ।
२. पर्यटन वर्ष २०७५ का लागी आर्थिक सहयोग सम्बन्धमा ।
३. मोहनापुल-अत्तरिया सडक खण्डमा नयाँ/पुराना संरचना हटाउन सहयोग सम्बन्धमा ।
४. न.पा.बाट तयार गराईको ठूला योजनाहरुको DPR को प्रस्तुतीकरण तथा उक्त केन्द्रिय सरकारसँग बजेट माँग सम्बन्धमा ।

**निर्णय नं. १ :**

गोदावरी नगरपालिका, कैलालीले आर्थिक वर्ष २०७५/०७६ को बजेट तर्जुमा सम्बन्धी कार्य प्रारम्भ गर्न थालेकोले अगामी वर्षको नीति तथा कार्यक्रम र बजेटमा समावेश गरिनुपर्ने विषयका सन्दर्भमा आफ्ना अमूल्य सुझावहरु लिखित रुपमा २०७५ बैशाख ३० गते सम्म यस नगरपालिकामा उपलब्ध गराईदिनहुन राजनीतिक दल, विभिन्न संघ संस्था, बुद्धिजिवि, विज्ञ, व्यवसायी, समाजसेवी, पेशाकर्मी, कर्मचारी, सञ्चारकर्मी लगायत आम नगरबासीमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

पर्यटकिय क्षेत्रको संरक्षण, सम्बर्द्धन एवं प्रचार प्रसार गर्ने उद्देश्यका साथ कैलाली भ्रमण वर्ष २०७५ मूल समारोह समितिको आयोजनामा मिति २०७५ बैशाख २२ गते संघीय सरकारका सम्माननीय प्रधानमन्त्रीज्यूको प्रमुख आथित्यतामा भव्यरुपमा आयोजना हुने कार्यक्रमका लागी यस नगरपालिकाको तर्फबाट रु. ४ लाख ५० हजार सहयोग गर्ने निर्णय गरियो । साथै कैलाली भ्रमण बर्ष सफल पार्न नगरपालिकाले थप कार्यक्रमहरु तर्जुमा गरी संचालन गर्ने समेत निर्णय गरियो ।

**निर्णय नं. ३ :**

मोहनापुल-अत्तरिया ६ लेन सडक निर्माण योजना अन्तर्गत यस नगरपालिका भित्र पर्ने (आर.पी. फ्लोर मिल गेटा देखि अत्तरियाचोक सम्म) सडक निर्माण तथा विस्तारका क्रममा सडकको मध्ये विन्दुबाट २५ मिटर दायाँ बायाँ भित्र बनेका स्थायी तथा अस्थायी संरचना भत्काउने कार्यमा नगरपालिकाको तर्फबाट आवश्यक सहयोग पुर्‍याउने र सोको लागि सुरक्षा प्रदान गरि सहयोग गर्न मालाखेती ईलाका प्रहरी कार्यालय अत्तरियालाई र सशस्त्र प्रहरी औद्योगिक सुरक्षा बल, अत्तरियालाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

नगर कार्यपालिकाको निर्णय अनुसार तयार भएका देहायका योजनाहरुको विस्तृत अध्ययन सर्भेक्षण (DPR) कार्यपालिकाको बैठकमा प्रस्तुतीकरण भयो । विस्तृत अध्ययन प्रतिवेदन अनुसार उक्त योजनाहरु कार्यान्वयनका लागि नगरपालिकामा उपलब्ध हुने वित्तीय समानीकरण अनुदान र आन्तरिक श्रोतबाट मात्र नपुग हुने भएकोले विशेष अनुदान उपलब्ध गराइदिन संघीय सरकार अर्थ मन्त्रालय लगायत अन्य सम्बद्ध मन्त्रालय र निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | ठेगाना | लागत अनुमान |
|---|---|---|---|
| | **DPR तयार भएका योजनाहरु** | | |
| १ | चैतन्यपुर मोटरेवल ब्रिज | वा.नं. १ | ९,३७,१२,०००।- |
| २ | गोडधवा खोला ब्रिज | वा.नं. ६ | २,८४,००,०००।- |
| ३ | गेडेपानी नाला ब्रिज | वा.नं. २ | २,८८,००,०००।- |
| ४ | लामिताल पर्यटकिय स्थल निर्माण | वा.नं. २ | १६,४६,६२,०००।- |
| ५ | अत्तरिया क्षेत्रीय बसपार्क निर्माण | वा.नं. २ | १९,७२,००,०००।- |
| ६ | चैतन्यपुर झो.पु. निर्माण | वा.नं. १ | ९१५२२५०।० |
| ७ | टुडेला खोला झो.पु. निर्माण | वा.नं. १२ | ९००६०७४।० |
| ८ | त्रिवेणीघाट झो.पु. निर्माण | वा.नं. ४ | ३५३७८१५।० |
| ९ | सल्लीगाडी खोला झो.पु. निर्माण | वा.नं. ४ | ४०९५१५८।० |
| १० | हाटखोली बाजुगडा झो.पु. निर्माण | वा.नं. ४ | १२८२३०६०।० |
| ११ | रिङ्गने धानीघाट झो.पु. निर्माण | वा.नं. ४ | ३०६७३३३।० |